कम्पनी दर्ता नं: १२८३६७/०७१/०७२ ने.रा.बैंक/इ.प्रा./'घ'/४३/२०७१/०७२

# सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड
SUPPORT LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त कोशी प्रदेश स्तरीय 'घ' वर्गको वित्तीय संस्था)

केन्द्रीय कार्यालय, इटहरी-०४, सुनसरी, फोन नं-०२५-५८८१७७,१७८

## नवौं वार्षिक साधारण सभाको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०९/०६)

**श्री आदरणीय शेयरधनी महानुभावज्यूहरु,**

यस सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८०/०९/०५ गते बसेको सञ्चालक समितिको २१३औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको नवौं वार्षिक साधारणसभा तपशिलको विषयमा छलफल गर्न निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, स्थान र समय :**

सभा हुने मिति : २०८०/०९/२७ गते शुक्रबार (तद्अनुसार १२ जनवरी, २०२४) ।

सभा हुने स्थान : दुर्गा पार्टी प्यालेस, इटहरी-४, सुनसरी ।

सभा हुने समय : बिहान ०९ : ३० बजे ।

**(क) सामान्य प्रस्तावहरु :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७९/०८० को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्न प्रस्ताव पेश गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन, २०८० आषाढ मसान्तसम्मको वासलात, आ.व.२०७९/०८० को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिर्वतन सम्बन्धी विवरण र सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्न प्रस्ताव पेश गर्ने ।

(३) आ.व.२०८०/०८१ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्न र निजको पारिश्रमिक निर्धारण गर्न प्रस्ताव पेश गर्ने ।

(४) आ.व.२०७९/०८०को मुनाफाबाट ०.६८४२ प्रतिशत नगद लाभांश(बोनस शेयरको कर प्रयोजनार्थ) रु.६,५१,६२८।४२ (अक्षरेपी छ लाख एकाउन्न हजार छ सय अट्ठाइस रुपैयाँ बयालिस पैसा मात्र) वितरण गर्न प्रस्ताव पेश गर्ने ।

(५) सञ्चालक समितिमा संस्थापक शेयरधनी समूह(समूह"क") बाट ४ जना र सर्वसाधारण शेयरधनी समूह (समूह"ख") बाट १ जना प्रतिनिधित्व गर्ने जम्मा ५ जना सञ्चालक पदको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) वित्तीय संस्थाको प्रबन्ध पत्रको दफा ६(ख) मा हाल कायम रहेको जारी शेयर पुँजी र ६(ग) मा हाल कायम रहेको चुक्ता शेयर पुँजी रु रु ९,५२,३८,०००।०० (अक्षरेपी नौ करोड बाउन्न लाख अड्तिस हजार मात्र) बाट बृद्धी गरी रु १०,७६,१८,९४०।०० (अक्षरेपी दश करोड छयहत्तर लाख अठार हजार नौ सय चालिस मात्र) पुर्‍याउन प्रस्ताव पेश गर्ने ।

(२) आ.व.२०७९/०८० तथा सो अधिका सञ्चित मुनाफाबाट चुक्ता पुँजी रु ९,५२,३८,०००।०० को १३ प्रतिशतले हुने रकम रु १,२३,८०,९४०।०० (अक्षरेपी एक करोड तेइस लाख असी हजार नौ सय चालिस मात्र) बोनस शेयर वितरण गर्न प्रस्ताव पेश गर्ने ।

(३) यस लघुवित्त वित्तीय संस्था तथा अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ती गर्ने/प्राप्ती भई जाने सम्वन्धी सम्पुर्ण कार्य सम्पन्न गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न प्रस्ताव पेश गर्ने ।

(४) सञ्चालकको दैनिक भ्रमण भत्ता, वैठक भत्ता लगायतका सुविधा तथा वैदेशिक भ्रमण भत्ता संशोधन गर्न प्रस्ताव पेश गर्ने ।

(५) माथि उल्लेखित विशेष प्रस्तावहरु पारित भए पश्चात यस वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्न तथा सोही सम्वन्धमा नियमनकारी निकायहरुबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्वन्धी प्रस्ताव पेश गर्ने ।

**(ग) विविध :**

## नवौं वार्षिक साधारण सभा सम्बन्धी अन्य थप जानकारी :

१. नवौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/०९/१६ गते वित्तीय संस्थाको शेयरधनी दर्ता किताव बन्द (Book Close) रहनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०९/१२ गतेसम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार आरविबि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाडौंमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरु मात्र उक्त सभामा भाग लिन योग्य हुनेछन् ।

२. शेयरधनी महानुभावहरुले आफ्नो परिचय दिने आधिकारिक परिचयपत्र तथा साधारणसभा प्रयोजनार्थ जारी प्रवेश पत्र वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा शेयर प्रमाणपत्रको प्रतिलिपी/हितग्राही खाता नम्बर लिई आउनु हुन अनुरोध गरिन्छ । साधारण सभा शुरु हुनु भन्दा एक घण्टा अगावै सभाकक्षमा उपस्थित भै दिनुहुन समेत शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

३. नाबालक शेयरधनीहरुको तर्फवाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन् । शेयरधनीको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

४. संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीहरुको किताबमा जसको नाम पहिले उल्लेख भएको छ सो व्यक्ति वा संयुक्त शेयरधनीहरुको सर्वसम्मतिबाट आफुहरु मध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन सक्नेछन् ।

५. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावले वित्तीय संस्थाको सोही समूहको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ र सो सम्वन्धी प्रोक्सी फारम सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय, ईटहरी-४, सुनसरीमा बुझाई सक्नु पर्नेछ । प्रोक्सी फारम यस वित्तीय संस्थाको Website बाट Download गर्न सकिने छ ।

६. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी प्रोक्सी वित्तीय संस्थामा बुझाई सकेपछि सो प्रोक्सी बदर गरी अर्को दिन चाहेमा सोको सुचना सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पुग्नुपर्नेछ र नयाँ प्रोक्सीको हकमा माथिको बुँदा नं. (५) मा लेखिए बमोजिम हुनेछ ।

७. शेयरधनीले एक भन्दा वढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा जसको नियुक्ती सवैभन्दा पहिले प्राप्त भएको हो, माथिको बुँदा नं. (६) मा लेखिए बमोजिम बदर गरिएमा बाहेक उसैलाई प्रतिनिधि मानिनेछ र सभामा सम्बन्धित शेयरधनी आफै उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रोक्सी स्वत: बदर हुनेछ ।

८. थप जानकारीको लागि यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय ईटहरी, सुनसरीमा सम्पर्क राख्न सक्नु हुनेछ । साथै, अन्य जानकारीका लागि वित्तीय संस्थाको वेबसाईट **www.supportmicrofinance.com.np** मा हेर्न अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले**

**कम्पनी सचिव**